**तिलागुफा नगरपालिका**
**तिलागुफा नगर कार्यपालिकाको कार्यालय**
**गाल्जे, कालीकोट जिल्ला कर्णाली प्रदेश**
**मिति २०७६।१२।२७ गते बसेको नगर कार्यपालिकाको बैठकको निर्णयहरु**

**निर्णय न नं ८३. नगर स्तरीय विपद् व्यवस्थापन कोष :**

विश्वभरि, महामारीको रुपमा फैलिएको कोभिड नोबेल कोरोना भाइरस 19 संक्रमणको रोकथाम तथा विपद् व्यवस्थापन गर्न नेपाल सरकारको २०७६।१२।१९. गतेका परिपत्र बमोजिम रोक्का हुने शिर्षकबाट आ.व. ०७६।०७७ को छैठौं नगर सभाबाट स्वीकृत वार्षिक बजेटबाट देहाय बमोजिमको रकम रकमान्तर गरी रु १,१५,११,०००। एक करोड पन्ध्र लाख एघार हजार रकम बराबरको नगर स्तरीय कोरोना भाइरस रोकथाम तथा विपद् जोखिम व्यवस्थापन कोष स्थापना गरी सो कोषमा दातृ निकाय र नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त हुने नगद तथा जिन्सी सहयोग एकद्धार प्रणलीबाट खर्च गर्ने निर्णय गरियो ।

**तपशिल**

| क.स | शिर्षक | विनियोजित बजेट | विपत कोषको लागि रकमान्तर |
|---|---|---|---|
| १ | मेशिनरी तथा औजार मर्मत सम्भार तथा संचालन खर्च | ८००००० | ५००००० |
| २ | मसलन्द तथा कार्यालय सामाग्री | ४५००००० | ४००००० |
| ३ | कर्मचारी तालिम खर्च | ६१०००० | ५००००० |
| ४ | विविध कार्यक्रम खर्च | ३३२०००० | १०००००० |
| ५ | विविध खर्च | ३३२०००० | १२००००० |
| ६ | भैपरी आउने चालु खर्च | २५००००० | १०००००० |
| ७ | भैपरी आउने पूँजीगत | २०००००० | १०००००० |
| ८ | कृषक पदाधिकारी र कर्मचारीको अध्ययन अवलोकन भ्रमण | ३०८००० | ३०८००० |
| ९ | पशु किसान सहित अध्ययन अवलोकन भ्रमण | ३०८००० | ३०८००० |
| १० | नर्सहरुको लागि एस वि.ए.तालिम दिने | ६००००० | ६००००० |
| ११ | ६ वटा स्वास्थ्य चौकीहरुमा सिएमए को व्यवस्था | २१००००० | १०००००० |
| १२ | राष्टपति रनिंग शिल्ड | २५००००० | १०००००० |
| १३ | नगरका पदाधिकारी र कर्मचारीहरुलाई उत्कृष्ट पालिकाहरुको सिकाई भ्रमण | ५००००० | ५००००० |
| १४ | जलविद्युत तथा पर्यटन क्षेत्रको सम्भाव्यता उजागर गर्न नेपाल पर्यटन बोर्ड तथा लगानीकर्ताहस्सँग | ४००००० | २००००० |
| १५ | विपद् व्यवस्थापन कोष | १९९५००० | १९९५००० |
|  | **जम्मा** | **२५७६१०००** | **११५११०००** |

**निर्णय नं ८४ क्वारेन्टाइन केन्द्र घटाउने सम्बन्धमा**

विश्वमा फैलिरहेको कोरना भाइरस कोभिड १९ का कारणले गर्दा विश्वमा धेरै मानिसहरुको अकालमा ज्यान गईरहेको अवस्थामा उक्त रोगको संक्रमणबाट बच्नको लागि प्रत्येक वडामा स्थापना गरिएका क्वारेन्टाइन केन्द्रहरुमा रहेन व्यक्तिहरुको संख्या घट्ने र पालिकावाट आएका व्यक्तिहरुको संख्या बढ्ने अवस्था रहेको हुँदा सो सम्बन्धमा  कोरोना भाइरस सम्बन्धी  क्वारेन्टाइन संचालन तथा व्यवस्थापन गर्न बनेको मापदण्ड बमोजिम हाल संचालित क्वारेनटाइनहरुको प्रभावकारी संचालन तथा व्यवस्थापन गर्न मौज्दात जनशक्तिबाट कठिनाई भएको हुँदा उक्त क्वारेनटाइन संख्यालाई घटाई प्रत्येक केन्द्रमा कम्तिमा १५ बेड सहितको तपशिलका स्थानहरुमा क्वारेनटाइन केन्द्र संचालन गर्ने निर्णय गरियो ।

**तपशिल**

| | |
|---|---|
| तिलागुफा नगरपालिका वडा नं १ र ३ | क्वारेन्टाइन केन्द्र : श्री मालिका माध्यमिक विद्यालय, नारायणीचौर |
| तिलागुफा नगरपालिका वडा नं २ र ४ | क्वारेन्टाइन केन्द्र : श्री कालीका माध्यमिक विद्यालय, राँचुली |
| तिलागुफा नगरपालिका वडा नं ५ र ६ | क्वारेन्टाइन केन्द्र : श्री सत्यदेवी माध्यमिक विद्यालय, जुविथा |
| तिलागुफा नगरपालिका वडा नं ७ र ८ | क्वारेन्टाइन केन्द्र : श्री कलशा आधारभूत विद्यालय,छाप्रे |
| तिलागुफा नगरपालिका वडा नं ९, १०,११ | क्वारेन्टाइन केन्द्र : श्री शिवालय माध्यमिक विद्यालय, चिलखाया |

**निर्णय नं ८५ औषधि तथा खाद्यन्न सामाग्री खरीद सम्बन्धमा :** विश्वमा फैलिरहेको कोरना भाइरस कोभिड १९ का कारणले गर्दा विश्वमा धेरै मानिसहरुको अकालमा ज्यान गईरहेको अवस्थामा उक्त रोगको संक्रमणबाट बच्नको लागि पूर्व तयारी गरी यस नगरपालिकाका भित्र विभिन्न स्थानमा क्वारेन्टाइन समेत स्थापना भईसकेका हुनाले उक्त क्वारेन्टाइन केन्द्रमा तत्काल आवश्यक पर्ने औषधि तथा खाद्यन्न टेण्डर प्रकृया बाट खरीद गर्न असम्भव भएकाले खाद्यन्न तथा औषधि कोटेशन प्रकृया अपनाई खरिद गर्ने निर्णय गरियो ।

**निर्णय नं ८६  प्यान दर्तावालाबाट सामाग्री खरीद सम्बन्धमा :** हालको विशम परिस्थितिमा यस नगरपालिका भित्र स्थापना भएका विभिन्न क्वारेन्टाइन केन्द्रहरुको लागि अत्यावश्यक पर्ने खाद्यन्न, लत्ताकपडा, भाडाकुँडा, औषधि, ग्यास, इन्धन लगायतका अन्य वस्तुहरु खरीद गर्दा मू.अ.कर भएको पसलबाट खरीद गर्ने भन्ने व्यवस्था प्रावधान भएता पनि विशेष परिस्थितिले गर्दा उक्त सामाग्री खरीद गर्दा स्थानीय बजारमा मू.अ.करमा दर्ता भएका व्यवसायी नभएका र भएकोमा पनि सामाग्री सहज तरिकाले उपलब्ध हुन नसक्ने भएकाले प्यान दर्ता भएका व्यवसायीबाट सामाग्री खरीद गर्ने निर्णय गरियो ।

**निर्णय नं ८७ स्थानीय स्वयम् सेवक सम्बन्धमा :** यस नगरपालिका अन्तर्गत साविकका ५ ओटा गा.वि.सहरुको पायक पर्ने स्थानमा संचालन हुने क्वारेन्टाइन केन्द्रका प्रत्येक वडाहरुमा न्यूनत्म ५ जनाका दरले स्थानीय स्वयम् सेवक सम्बन्धित वडाको कोराना व्यवस्थापन समन्वय समिति र क्वारेन्टाइन व्यवस्थापन समितिले छनोट गरी परिचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं ८८  स्थानीय स्वयम् सेवकको पारिश्रमिक सम्बन्धमा :** यस नगरपालिकाका ११ वटा वडाहरुमा परिचालन हुने कोरोना भाइरस व्यवस्थापन तथा विपद् व्यवस्थापनको कार्यमा सहजीकरण गर्ने स्थानीय स्वयम् सेवकलाई तिलागुफा नगरपालिकाको सार्वजनिक खरीद नियमावली र प्रचलित नगर जिल्ला दररेट बमोजिम न्यूनत्म दैनिक ज्याला बराबरको रकम रु ६८०। केन्द्रका प्रमुखले हाजिर प्रमाणित गरेको आधारमा भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं ८९ सूचना सेवा प्रभावकारी हुने सम्बन्धमा :** यस नगरपालिकाका सम्पूर्ण वडाहरुमा हाल संचालित सूचनाको सेवालाई थप प्रभावकारी बनाउन कम्तीमा प्रत्येक वडा कार्यालयमा १ थान रहने गरी जम्मा २० सेट वकीटोकी खरीद गरी कार्यान्वयनमा गर्ने निर्णय गरियो ।

**निर्णय नं ९० कोष परिचालन तथा व्यवस्थापन समितिको गठन सम्बन्धमा :** हाल महामारीको रुपमा फैलिएको कोरोना भाइरसको जोखिम न्यूनीकरण तथा रोकथाम गर्न स्थापना भएको कोरोना भाइरस विपद् व्यवस्थापन कोषमा जम्मा भएको रकम परिचालन तथा खर्च हुन देहाय बमोजिमको कोष परिचालन समिति गठन गरी कार्यान्वयन गर्ने निर्णय गरियो ।

**तपशिल**

| | |
|---|---|
| श्री रत्न बहादुर शाही | नगरप्रमुख संयोजक |
| श्री तिलकप्रसाद न्यौपाने | सदस्य |
| श्री रन्नपूरा शाही | सदस्य |
| श्री खड्गराज शाही | सदस्य |
| श्री लक्ष्मण प्रसाद चौलागाई | सदस्य सचिव |

**निर्णय नं ९१ योजना तर्जुमा तथा समन्वय समिति गठन समिति सम्बन्धमा :** यस नगरपालिकामा कोरोना भाइरसको संक्रमण रोकथाम सम्बन्धी विभिन्न कार्यक्रम तथा योजनाहरुको तर्जुमा गरी कार्यान्वयनमा ल्याउन देहाय बमोजिम योजना तर्जुमा तथा नगर समन्वय समिति गठन गरी परिचालन गर्ने निर्णय गरियो ।

**तपशिल**

| | |
|---|---|
| श्री तिलकप्रसाद न्यौपाने | संयोजक |
| श्री लक्ष्मण प्रसाद चौलागाई | सदस्य |
| श्री धर्मराज शाही | सदस्य |
| श्री प्रशासन शाखा प्रमुख | सदस्य सचिव |

**निर्णय नं ९२ जिम्मेवारी दिने सम्बन्धमा :** यस नगरपालिकाका नगर उपप्रमुख श्री दन्ता नेपाली विगत सात महिना देखि नगर कार्यपालिकाको कार्यालयमा अनुपस्थित हुँदा नगरका दैनिक न्यायिक समिति लगायतका योजना तर्जुमा तथा राजस्व परामर्श समितिले सम्पादन गर्नु पर्ने कामकारवाहीहरु प्रभाववित हुने भएको हुँदा अब उप्रान्त निजको विषयमा कुनै निर्णय वा अर्को व्यवस्था नभए सम्मका लागि हाललाई निजले कार्यसम्पदान गर्ने सम्पूर्ण कामकारवाही संचालन गर्ने न्यायिक समितिका सदस्य एव् वडा नं ८ का वडा अध्यक्ष श्री तिलकप्रसाद न्यौपानेलाई कार्यवाहक भई कामकारवाही गर्न जिम्मेवारी सुम्पने निर्णय गरियो ।

**निर्णय नं ९३ क्वारेन्टाइन केन्द्रमा खटिएका स्वास्थ्यकर्मी तथा कर्मचारीहरुको सेवा सुविधा सम्बन्धमा**

यस नगरपालिका अन्तर्गतका विभिन्न वडाहरुमा संचालनमा रहेका क्वारेन्टाइन केन्द्रहरुमा खटि आएका स्वास्थ्यकर्मी, कर्मचारी र स्वास्थय स्वयम् सेविकाहरुलाई कामकाज गरेवापत कूल कामकाजको समायवधिभर दैनिक हाजिरीको आधारमा देहाय बमोजिमको रकम खाना, खाजा र बास खर्च स्वरुप उपलब्ध गराउने निर्णय गरियो ।

**तपशिल**

(क) श्रेणी विहिन दैनिक रु ६,००। र विहान साझँ काम गरेवापत रु ३,००।
(ख) चौथो र पाँचौ दैनिक रु ६५०। र विहान साँझ काम गरेवापत रु ३२५ ।
(ग) अधिकृत स्तर छैठौं दैनिक रु ७००। र विहान साँझ काम गरेवापत रु ३५०।
(घ) अधिकृत सातौं र आठौं दैनिक रु ७५० र विहान साँझ काम गरेवापत रु ३७५।
(ङ) प्रमुख प्रशासकीय अधिकृत दैनिक रु ८००। र विहान साँझ काम गरेवापत रु ४००।

**निर्णय नं ९४ एम्बुलेन्सको सेवा सुविधा सम्बन्धमा :** यस नगरपालिकाबाट हाल संचालनमा रहेको एम्बुलेन्स सेवा प्रदान गरेवापत लिँदै आएको सेवा शुल्कमा केही गुनासो प्राप्त भएको हुँदा देशमा आइरहेको महामारी कोरोना संक्रमण रहञ्जेल सम्म देहाय बमोजिमको नयाँ शुल्क कायम गरी संचालन गर्ने निर्णय गरियो ।

**तपशिल**

**गाल्जे जुम्ला रु २०००।** **गाल्जे मान्म रु २,०००।**

**निर्णय नं ९५ दैनिक उपभोग्य सामान आपूर्ति सम्बन्धमा :** कोरोना भाइरस संक्रमणबाट यस नगरपालिकाका ११ वटा वडाहरुमा रहेका सम्पूर्ण बस्तीहरु उच्च जोखिममा रहने अनुमान रहेको हुँदा आमनागरिकले उपभोग गर्ने दैनिक उपभोग्य सामाग्रीहरुको अभाव हुने अवस्थालाई मध्यनजर गरी नगरका तपशिलका स्थानहरुमा सहुलियत दरमा खाद्यन्न सामाग्री तथा राहतका कार्यक्रमहरुको प्रभावकारी ढंगले सेवा प्रभाव गर्न प्रत्येक वडाको पायक पर्ने स्थानमा तपशिलको परिमाणमा खाद्यन्न पदार्थ उपलब्ध हुने गरी वितरण केन्द्र स्थापना गरी वितरण गर्ने निर्णय गरियो ।

**तपशिल**

| | |
|---|---|
| **(क) चामल** | **११००। कुन्टल** |
| **(ख) दाल** | **१०० कुन्टल** |
| **(ग) तेल** | **११ पेटी** |
| **(घ) नुन** | **२० कुन्टल** |

**निर्णय नं ९६ कर्मचारी तथा पदाधिकारीहरुको विमा सम्बन्धमा :** यस नगरपालिकामा संचालित विभिन्न क्वारेन्टाइन तथा कार्यालय कामकाजमा खटिएका कर्मचारी पदाधिकारी, स्वयम् सेवक र स्वास्थ्य स्वयम् सेविकाहरुको स्वास्थ्य स्थिति तथा दैनिक जिवनमा कुनै हानि नोक्सानी भएको खण्डमा निजलाई सहुलियत स्वरुप नेपाल सरकार, प्रदेश सरकारले दिइएको सेवा सुविधाको अतिरिक्त नगर सरकारको तर्फबाट रु ५,००,०००। (पाँच लाख) बराबरको राह सुविधा प्रदान दिने निर्णय गरियो ।

**निर्णय प्रमाणिकरण**

**लक्ष्मणप्रसाद चौलागाई**

**नि.प्रमुख प्रशासकीय अधिकृत**

**निर्णय प्रमाणिकरण**

**रत्न बहादुर शाही**

**नगरप्रमुख**